# बुलिङटार गाउँपालिका

# आर्थिक ऐन, २०८०

गाउँसभाबाट स्वीकृत मिति : २०८०।०४।०५

प्रमाणिकरण मिति : २०८०।०४।०५

## बुलिङटार गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## बुलिङटार, नवलपरासी(वर्दघाट सुस्ता पूर्व)

# बुलिङटार गाउँपालिकाको आर्थिक ऐन, २०८०

बुलिङटार गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको ऐन

प्रस्तावना : बुलिङटार गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बुलिङटार गाउँसभाले यो ऐन बनाएको छ ।

1 **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन, २०८० साल श्रावण **५** गतेदेखि बुलिङटार गाउँ क्षेत्रमा लागू हुनेछ ।

2 भूमि कर : बुलिङटार गाउँपालिकामा देहाय बमोजिम भूमिकर लगाईनेछ ।

(१) गाउँपालिकाका क्षेत्र भित्रको जग्गामा भूमिकर लगाईनेछ ।

(२) भूमिकर गणना गर्दा *अनुसूची १* बमोजिमको दरमा मूल्यांकन गरि कुल मूल्याङ्कित रकममा अनुसूची २ बमोजिमको दरमा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम जग्गाको मूल्यांकन गर्दा देहायको आधार लिईनेछ ।

क) जग्गाको क्षेत्रफल,

ख) जग्गाको भौगोलिक अवस्थिति,

ग) जग्गाको उपयोगको अवस्था (व्यावसायिक, औद्योगिक, व्यापारिक, आवासीय, कृषि आदी),

घ) जग्गा रहेको स्थानमा पूर्वाधार विकासको अवस्था (सडक, पुल, ढल निकास, शिक्षा, स्वास्थ्य, सिंचाई सुविधा आदी ।

(४) गाउँपालिकाले करदाताबाट दफा १ बमोजिमको भूमिकरको रकम बुझिलिई करदातालाई रसिद दिन सक्नेछ ।

३. **घर वहाल कर :** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा बहाल रकमको १० प्रतिशतका दरले बहाल कर लगाईनेछ ।

४. **व्यवसाय कर :** गाउँपालिकाका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा *अनुसूची (२)* बमोजिम व्यवसाय कर लगाईनेछ ।

५. **सवारी साधन कर :** गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा *अनुसूचि (३)* बमोजिम सवारी साधन कर लगाइनेछ । प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

६. **बहाल बिटौरी शुल्क :** गाउँपालिकाले देहाय बमोजिम बहाल बिटौरी शुल्क लगाउनेछ ।

(१) अव्यवस्थित, भूमीहिन र सुकुम्बासी बसोबास भएका स्थानमा घरले चर्चेको (प्लिन्थ एरिया) जग्गा र सो जग्गामा निर्माण भएको घरमा अव्यवस्थित बसोबास व्यवस्थापन शुल्कको रुपमा सम्झौता अनुसार ५ प्रतिशत बहाल बिटौरी शुल्क लगाईनेछ ।

(२) सार्वजनिक जग्गाको उपभोग गरे बापत तथा सार्वजनिक जग्गामा घरटहरा निर्माण गरेबापत करदाताले स्वस्फुर्त कर तिर्न चाहेमा स्वघोषणा गरी प्रति रोपनी रु. २५० कर असुल गर्न सकिनेछ । गाउँपालिकालाई त्यस्तो कर बुझाएको आधारमा मात्र करदाताले कुनैपनि किसिमको स्वामित्व वा हक स्थापित भएको मानिने छैन ।

८. **मनोरञ्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएवापत बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत कार्यपालिकाले निर्धारण गरे बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही *अनुसूची-४* मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१३. **दण्ड जरिवानाः** बुलिङटार गाँउपालिका भित्रका कालीगण्डकी नदी, खहरे खोला, लगायतमा विना अनुमति अवैध रुपमा IEE समेत भएको स्थालबाट नदीजन्य पदार्थको उत्खनन्, ओसार पसार र विक्री वितरण गर्ने कार्यमा देहाय बमोजिमको साधन र चालकबाट भएमा अनुसूची-५ बमोजिमको दण्ड जरिवाना गरी नियमन एवं नियन्त्रण गर्ने साथै दोस्रो पटक प्रवेश गरेमा दोव्वर दण्ड तथा जरीवाना गर्ने ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलनसम्बन्धी कार्यविधि गाउँकार्यपालिकाले तोके अनुसार हुनेछ ।

१५. **दर बढाउन, घटाउन वा छुट दिन सकिने** :(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बुलिङटार गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानुन बमोजिम लगाइएका कर र शुल्कको दर बढाउन, घटाउन वा त्यस्तो कर र शुल्क आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर बढाइएको, घटाइएको वा छुट दिइएको सुचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करको दर बढाइएको, घटाइएको वा कुनै कर र शुल्क आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष राजश्व प्रशासन शाखाले बुलिङटार गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा(१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट दिइएको कर र शुल्क रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गर्नेछ ।

१६. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने** : प्रचलित कर सम्बन्धी कानुन तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजानिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजानिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लिखित कानुनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानुन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

# अनुसुचीहरु

## *अनुसूची एक*

## (दफा २ सँग सम्बन्धित)

## भुमिकर

| सि.नं. | मालपोत तथा भूमि कर | दस्तुर |
|---|---|---|
| १ | मालपोत न्युनतम ४ रोपनीसम्म | रु ५० |
| २ | न्युनतम ४ रोपनी भन्दा बढीमा प्रति रोपनीमा थप | रु १५ |
| मालपोत कर को विलम्ब शुल्क तपसिल बमोजिम हुनेछः<br>१. १ वर्ष विलम्ब भएमाः थप शुल्क १० प्रतिशत<br>२. २ वर्ष विलम्ब भएमाः थप शुल्क १५ प्रतिशत<br>३. ३ वर्ष विलम्ब भएमाः थप शुल्क २० प्रतिशत<br>४. ४ वर्ष विलम्ब भएमाः थप शुल्क २५ प्रतिशत<br>५. ५ वर्ष विलम्ब भएमाः थप शुल्क ३० प्रतिशत<br>६. ५ वर्ष भन्दा बढि भएमाः थप शुल्क ५० प्रतिशत | | |

## अनुसूची २

## (दफा ४ सँग सम्बन्धित)

## व्यवसाय दर्ता तथा नविकरण शुल्क

| क्र स | व्यवसायको लागत | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | रु १ लाख रुपैया सम्म | रु ५०० | रु ३०० |
| २ | रु २ लाख देखि ५ लाख सम्म | रु ८०० | रु ५०० |
| ३ | रु ५ लाख देखि १० लाख सम्म | रु १००० | रु ७०० |
| ४ | रु १० लाख भन्दा बढि | रु २००० | रु १५०० |
| ५ | साना होटल व्यवसाय दर्ता | रु १००० | रु ७०० |
| ६ | अन्य संस्था दर्ता | रु ५०० | रु ३०० |
| ७ | पेट्रोल पम्प दर्ता | रु ५००० | रु २५०० |
| ८ | मदिरा पसल | रु ५००० | रु २५०० |
| ९ | सुनचादी | रु ५००० | रु २५०० |
| १० | किराना पसल | रु २००० | रु १००० |
| ११ | हार्डवेयर | रु ५००० | रु २५०० |
| १२ | मिल सेल्लर/होल्डर | रु १५०० | रु १००० |
| १३ | औषधी पसल | रु २००० | रु १००० |
| १४ | कम्प्युटर मोबाइल सम्बन्धि पसल | रु २००० | रु १००० |
| १५ | अन्य पसल(व्युटिपार्लर, स्टेशनरी, हेयर कटिङ्ग, कस्मेटिक, आदि) | रु १००० | रु ७०० |

# अनुसूची ३

## (दफा ५ सँग सम्बन्धित)

## सवारी साधन कर

| क स | व्यवसायको लागत | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | ट्याक्टर | रु ३००० | रु १५०० |
| २ | डोजर | रु ५००० | रु २५०० |

## *अनुसूची ४*

## (दफा ११ सँग सम्बन्धित)

| सि.नं. | शीर्षक | राजश्व दस्तुर |
|---|---|---|
| १ | नागरिकता सिफारिस | रु १०० अनुसुची फारम बाहेक |
| २ | नागरिकता प्रतिलिपी सिफारिस | रु १०० |
| ३ | चार किल्ला प्रमाणित | रु १०० प्रति कित्ता थप रु ५० |
| ४ | नामसारी सिफारिस | रु १०० प्रति कित्ता थप रु ५० |
| ५ | घर बाटो सिफारिस | रु १०० प्रति कित्ता थप रु २० |
| ६ | सार्वजनिक मुचुल्का | रु ५०० |
| ७ | अन्य सामान्य सिफारिस | रु २०० |
| ८ | खयर कटान सिफारिस | ५ वटा रुख कटान सम्मको रु ५०० र थप प्रतिरुख कटान रु ३००।- |
| ९ | चल अचल धितो मुल्यांकन | न्युनतम १० लाख रुपैयासम्म रु ५०० र सोभन्दा माथि प्रतिलाख रु ५० थप |
| १० | आम्दानी प्रमाणित | रु ५०० |
| ११ | नाता प्रमाणित | नेपाली रु ३०० अंग्रेजी रु ५०० |
| १२ | नक्सा पास | रु ५००० |
| १३ | परिचयपत्रको विलम्ब दस्तुर | रु २०० |
| १४ | परिचयपत्रको प्रतिलिपि दस्तुर | रु ५०० |
| १५ | व्यक्तिगत घटना दर्ताको विलम्ब दस्तुर | ३५ दिनसम्म निशुल्क र त्यसपछि विलम्ब शुल्क रु २०० |
| १५ | व्यक्तिगत घटनादर्ता प्रमाणपत्रको नक्कल दस्तुर | रु ५०० |
| १६ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको  दस्तुर | रु २०० |
| १७ | संस्था दर्ता सिफारीस | रु १००० |
| १८ | संस्था दर्ता नविकरण | रु ५०० |
| १९ | अन्य व्यवसाय नविकरण | रु १००० |
| २० | सहकारी संस्था दर्ता | रु १००० |
| २१ | सहकारी संस्था नविकरण | रु ५०० |
| २२ | घ वर्गको निर्माण व्यवसायी दर्ता | रु १०००० |

| | | |
|---|---|---|
| २३ | घ वर्गको निर्माण व्यवसायी नविकरण | रु ५००० |
| २४ | समूह दर्ता पशु ,कृषि समूह ,बाल समूह ,आमा समूह) (उपभोक्ता समिति आदी , युवा क्लब ,समूह | रु ५०० |
| २५ | समूह दर्ता नविकरण | रु ३०० |
| २६ | होम स्टे दर्ता | रु ३००० |
| २७ | होम स्टे नविकरण | रु १००० |
| २८ | योजना माग सिफारिस | रु ५०० |
| २९ | अन्य सबै प्रकारका दर्ता प्रतिलिपि | रु २०० |

# अनुसूची-५

## (दफा १३ सँग सम्बन्धित)

## दण्ड जरिवाना दस्तुर

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | प्रति ब्याकहोलोडर लाई | ५०००० |
| २ | प्रति टिप्पर लाई | २५००० |
| ३ | प्रति ट्रेक्टर लाई | १५००० |
| ४ | प्रति सवरी चालक (ब्याकहोलोडर, टिप्पर, ट्रेक्टर) | १०००० |